रुन्टीगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भ्केनाम, रोल्पा

रुन्टीगढी गाउँपालिका भ्केनाम, रोल्पा लुम्बिनी प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल सामाग्रीहरु खरिद सम्वन्धी शिलवन्दी दरभाउपत्र आव्हवानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०८/९ गते )

यस कार्यालयले आ.व.२०७८/०७९ मा आवश्यक पर्ने रु. १०,०००००।-(अक्षरुपी दश लाख ) वरावरको औषधी तथा सर्जिकल समानहरु शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले शिलवन्दी दरभाउपत्रको सार्वजनिक सूचना सम्वन्धित इजाजत प्राप्त औषधी व्यवसायीहरु, कम्पनी, फर्म वा संस्थाको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. यो सूचना रीष्ट्रय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले पन्ध दिन भित्र र सो दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट रु १०००।- तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयवाट शिलवन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. ईच्छुक फर्म वा कम्पनी वा संस्थाले शिलवन्दी दरभाउपत्र खरिद गर्दा आ.व २०७८।०७९ को लागि नवीकरण भएको फर्म वा कम्पनी वा संस्था दर्ताको प्रमाण -पत्र ,मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र र सम्वन्धीत आन्तरीक राजश्व कार्यालयवाट आ.व २०७८।०७९को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी १।१ प्रति संलग्न गरी रु. १० को टिकट टाँसी निवेदन पेश गर्नु पर्ने छ ।

३.शिलवन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औ दिनको दिउसो १२:०० वजे भित्र यस कार्यालयमा शिलवन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र दर्ता गराउनु पर्नेछ ।

४. शिलवन्दी दरभाउपत्र दाखिला गर्दा फर्म वा कम्पनी वा संस्थाले खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको, सो कार्यमा आफ्नो स्वार्थ नवाभिएको तथा औषधी व्यवसाय सम्वन्धी पेशा वा व्यवसायको कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा घोषणा-पत्र शिलवन्दी दरभाउपत्र सम्वन्धी कागजातसँग सिलवन्दी गरी पेश गर्नु पर्नेछ

५. नियमानुसार विक्री भई दर्ता हुन आएका शिलवन्दी दरभाउपत्र दाखिला गर्दा कवोल अंकको ३ प्रतिशत रा.बा.बैंक होलेरी ,रोल्पामा रहेको धरौटी खाता नं.४३.१०१००३०३००००००२ मा नगद जम्मा गरेको सक्कल वैङ्क भौचर वा सो वरावरको रकम नेपाल राष्ट्र वैंकवाट मान्यता प्राप्त कुनै वाणिज्य वैंकले जारी गरेको कम्तिमा ७५ (पचहत्तर) दिन (शिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन देखि ) मान्य अवधी भएको शर्त रहित वैंक ग्यारेन्टी र शर्त नं. २ वमोजिमको कागजातहरु पेश गर्नु पर्नेछ ।

६. दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु दर्ता गर्ने म्यादको अन्तिम दिनको दिउसो २:०० वजे कार्यालयका प्रतिनिधिहरु र शिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा यस कार्यालयमा खोलिनेछ । शिलवन्दी दरभाउपत्रदाताको प्रतिनिधी उपस्थित नभए पनि शिलवन्दी दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

७. शिलवन्दी दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर वाहेकको दर पेश गर्नु पर्नेछ ।

रुन्टीगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झेनाम, रोल्पा

८. शिलवन्दी दरभाउपत्र स्विकृत भएपछि सम्झौता गर्न आउँदा कवोल अंकको ५% (पाँच प्रतिशत) ले हुन आउने रकम वरावरको बैंक जमानत वा पर्फरमेन्स वण्ड वा नगद माथि उल्लेखित खातामा दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ ।

९. कार्यालयको आवश्यकताको आधारमा औषधी तथा सर्जिकल सामानको परिमाणमा समेत थपघट हुन सक्नेछ ।

१०. सप्लाई गरिने प्रत्येक औषधी स्ट्रिप, वोतल, एम्पुल, भाईल, ट्युव, फाएलमा प्याकिङ भएको र प्रत्येक वाहिरी भागमा स्पष्ट देखिने गरी" **यो औषधी र सामाग्री विक्रीको लागि होइन, नेपाल सरकारवाट निशुल्क वितरणको लागी** " वा " निशुल्क औषधी" वा "supply for Ministry of Health Nepal" भन्ने वाक्यमा लेखेको हुनुपर्नेछ ।

११. आपुर्ति गर्ने औषधीहरुको प्रत्येक स्ट्रिप प्याकिङ, वोतल, फाएल, एम्पुल, भाएल,ट्युवमा labeling गरेको, Batch No, MFG Date, र Expiry Date उल्लेख भएको WHo वाट Renue Good manufacturing practice( Renue G.M.P) प्रमाण पत्र प्राप्त गरेको कम्पनी वाट उत्पादित भएको र उक्त औषधीहरुको Expiry Date कम्तिमा १८ महिना वाँकी रहेको हुनु पर्नेछ ।

१२. शिलवन्दी दरभाउपत्र दर्ता गर्ने समयमा औषधी तथा सर्जिकल सामाग्रीहरुको आइटम वाइज नमुना शिलवन्दी गरी अनिवार्य पेश गर्नुपर्ने छ ।

१३. कार्यालयले यसै आ.व. भित्रमा अन्य औषधी तथा सर्जिकल सामानहरु खरिद गर्नु परेमा सोहि कवोल दर रेटमा खरिद गर्न सक्नेछ ।

१४. अन्य थप कुराहरु वुझ्न आवश्यक परेमा यस कार्यालयमा सम्पर्क गरी वुझ्न सकिनेछ ।

१५. यस सम्वन्धमा विस्तृत कुराहरुको जानकारीको लागी शिलवन्दी दरभाउपत्र सम्वन्धी कागजातहरु अध्ययन गर्नुहुन अनुरोध छ ।

१६. यस सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु प्रचलित ऐन कौनुन वमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत